क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्ष: २०, अङ्क: ८०, २०८२ भदौ १७ गते मंगलबार (2 Sep., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका

दैनिक

**बाढीबारे चासो राखौं, चनाखो बनौं**

बाढी र डुबान हुनुपूर्वको तयारीः
- वर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- आपतकालितन अवस्थाकालागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाइराखौं,
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कञ्चनपुरमा बाढीले आधा दर्जन बस्ती डुबानमा, जोगबुडा नदीले रामपुरे टापु र पटरा खल्लामा भत्कायो बाँध







**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १६ भदौ**

लगातारको अविरल वर्षापछि विभिन्न नदी नालामा आएको बाढीका कारण कञ्चनपुरमा आधा दर्जन बस्तीका ५७ परिवार र सशस्त्र प्रहरीका २ बीओपी विस्थापित भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार दोधारा चाँदनी नगरपालिकामा ५२ परिवार र २ बीओपी तथा भीमदत्त नगरपालिकामा ५ परिवार विस्थापित भएका हुन् ।

प्रहरीका अनुसार जोगबुडा नदीमा आएको बाढी बस्तीमा पस्दा दोधारा चाँदनी नगरपालिका ८ रामपुरे टापु र जर्गा टोलमा २५ परिवार विस्थापित भएका छन् । उनीहरूलाई नजिकैको जनज्योति माध्यमिक विद्यालयमा राखिएको छ । सोही नगरपालिकाको वडा नं. ३ को पटेरा खल्लामा पनि जोगबुडाको बाढी पस्दा १५ परिवार विस्थापित भएका छन् । उनीहरूलाई नजिकैको जमुना आधारभूत विद्यालय जमुनाघाडीमा राखिएको छ । दोधारा चाँदनी नगरपालिका १० को शान्ति टोलमा पनि बाढी पसेपछि १२ परिवार विस्थापित भएका छन् । उनीहरूलाई नजिकैको अम्बिका आधार भूत विद्यालयमा राखिएको छ । वर्षा नरोकिएको र नदीहरूमा बहाव बढिरहेका कारण दोधारा चाँदनी नगरपालिकामा विस्थापितको संख्या अझै बढ्न सक्ने देखिएको छ ।

'जोगबुडा नदीमा पानीको बहाव बढ्दै गएको छ, नदी किनारका अधिकांश बस्तीहरू डुबानमा परेका छन्,' दोधारा चाँदनी नगरपालिकाका प्रवक्ता समेत रहेको वडा नं. ३ का अध्यक्ष हरिसिंह धनाडीले भने, 'पटेराखल्ला, कञ्चनभोज, शान्ति टोल र कुतियाकभर पुरै डुबानमा परेको छ ।' उनका अनुसार साँझ अबेरसम्म विस्थापितहरूलाई सुरक्षित स्थानमा सार्ने काम भइरहेको छ ।

जोगबुडासँगै महाकाली नदीमा पनि पानीको बहाव बढिरहेको छ । महाकालीको बहावले जोगबुडाको बहाव रोकिदा झनै जोखिम बढेको छ । महाकालीले जोगबुडा नदीको बहाव थुनिएपछि नदी किनारका बस्तीहरूमा डुबान भइरहेको हो । 'बाढी खेतसम्मै पुगिसकेको छ, बस्तीमा पनि आउने खतरा बढेको छ,' दोधारा चाँदनी नगरपालिका १० कुतियाकभरका खडके बुढाले भने, 'हामीहरू सुरक्षित स्थानमा जानका लागि तयारी अवस्थामा छौं ।' उनले महाकाली र जोगबुडाको बाढी बढिरहेकाले राती जोखिम हुन सक्ने भएकाले समयमै सुरक्षित स्थानमा जाने तयारी भइरहेको बताए ।

जोगबुडा नदीको बाढीका कारण दोधारा चाँदनीकै वडा नं. १० सुन्दरनगरमा र वडा नं. ७ मा रहेको सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बीओपी) पनि विस्थापित भएका छन् । विस्थापित सुरक्षाकर्मीका सामान नजिकैको विद्यालय र खोप केन्द्रमा राखिएको छ ।

प्रहरीका अनुसार महाकाली नदीमा सोमबार साँझ ५ बजेको मापन अनुसार पानीको बहाव २ लाख ३८ हजार क्युसेक पुगेको छ । यो बहाव यस वर्षको हालसम्मकै उच्च हो ।

महाकालीमा आइतबार साँझदेखि नै नदीमा पानीको बहाव बढेको हो । पानीको बहाव बढेपछि शारदा ब्यारेजको पुलमा चार पांग्रे सवारी साधन आवागमनमा रोक लगाइएको छ ।



**बाढीले जोगबुडा नदीले रामपुरे टापु र पटरा खल्लामा भत्कायो बाँध**

तीन दिन लगातार वर्षापछि जोगबुडा नदीमा निर्माण गरिएका बाँध भत्काएर बाढी वस्तीमा पसेको छ । दोधारा चाँदनी नगरपालिकाका अनुसार बाढी वस्तीमा पसेपछि डेढ सय बढी परिवारलाई सुरक्षित स्थानमा राखिएको छ ।

दोधारा चाँदनी नगरपालिका ७ र ८ को सीमा क्षेत्र रामपुरे टापुमा गत आर्थिक वर्षमा निर्माण गरिएको तटबन्ध भत्किएको छ ।

वडा अध्यक्ष ज्ञानेन्द्र बहेकका अनुसार सुदूरपश्चिम प्रदेश सरकारले विनियोजन गरेको जोगबुडा नदी नियन्त्रणको ४५ लाख बजेटमध्ये रामपुरे टापुमा १६ लाख खर्च गरी तटबन्ध निर्माण गरिएको हो । सोमबार विहान नदीमा अत्यधिक पानी भएपछि तटबन्ध भत्किएको हो । वडा अध्यक्ष क्षेत्रीले तटबन्ध भत्किएर वस्तीमा बाढी पसेपछि ५ परिवारलाई उद्धार गरी जनज्योति माध्यमिक विद्यालयमा ल्याइएको छ । यसैगरी दोधारा चाँदनी नगरपालिका-३ स्थित पटरा खल्ला बस्तीमा पनि बाँध भत्किएर बाढी पसेको छ । बाढी वस्तीमा पसेर डुबान भएको छ ।

बाढी आएपछि दोधारा चाँदनीका मेयर किशोर कुमार लिम्बु सहित वडा अध्यक्षहरु दिनभर सक्रिय भएका छन् । मेयर लिम्बुले नदीमा पानीको सतह बढ्दै गएकाले वासिन्दाई सतर्क हुन आव्हान गरेका थिए ।

दोधारा चाँदनी नगरपालिका ८ जर्का टोलकी देबीसरा खड्का सोमबार विहान घर छाडेर जनज्योति माध्यमिक विद्यालय पुगिन् । जोगबुडा नदीको बाढी घरभित्र पसेपछि उनी परिवारका सदस्य सहित विहान ९ बजे घर छाडेर निस्किन् । अहिले खड्का परिवार विद्यालय बसि रहेको छ ।

खडका श्रीमान अझै पनि घरमै छन् । खड्काका गाई वस्तु पनि घरमै छन् । बुवा सासु र ससुरालाई पनि उनीहरुले आफन्तको घरमा पुगाएका छन् । 'घरभित्र पानी पसेको छ, सब क्षति भएको छ, ज्यान जोगियो' जनज्योति माध्यमिक विद्यालय नजिक भेटिएकी खड्काले भनिन्,'भित्र पूरै रासन डुबाएको छ, गाई वस्तु सबै त्यही छन् ।

घर छाडेर आएपछि घर फर्किन नसकेको खड्का बताउँछिन् । खड्काले जर्का टोलका अधिकाँश घर परिवार छाडेर निस्केको बताइन् । जोगबुडा नदीसित जोडिएको जर्का टोलमा ५४ परिवारको बसोबास छ । उनीहरुमध्ये अधिकाँश परिवार घरभित्र बाढी पसेपछि छाडेर निस्किएका छन् ।

जर्का टोलको उचो स्थानमा घर भएका परिवार मात्रै अहिले वस्तीमा छन् । 'जसको उचोमा घर छ, ती घर मात्रै बचेका छन्, अरु त हामी सबै डुबेर घर छाडेर आइ सकेका छौं' खड्काले भनिन् ।

'हामीहरुलाई लिन डुङ्गामा पनि गएको थियो, म त आफैं आए' उनले भनिन् । तीन दिनदेखि अविरल वर्षापछि जोगबुढा नदीको बाढी जर्का टोलमा पसेको हो । दोधारा चाँदनी नगरपालिका ७ रामपुरे टोलस्थित जोगबुडा नदीले बाँध भत्काएपछि बाढी वस्तीमा पसेको छ । रामपुर टापुले बाँध भत्काएर बस्ती पसेको बाढी पनि जर्का टोलमा पुग्ने स्थानीय बताउँछन् ।

रामपुर टापुका नन्दलाल थापा मगर बाढी आएर घर डुबानमा परेपछि विहान धर्मपत्नि झुमा थापामगर र छोरा छोरी सहित निस्किएका हुन् । 'घर डुबान भयो, विहान निस्कियौं' उनले भने,'घर भित्र पूरै पानी पसेको छ, लत्ता कपडा, धुलो चामल नै सबै त्यहीं छ, गाई वस्तु पनि छाडेर आएका छौं ।'

रामपुर टापुमा ५० घर छन् । उनका अनुसार ती सबै घरमा बाढी पसेको छ । त्यसमध्ये उच्च जोखिममा भएका घर परिवारलाई सुरक्षित स्थानमा सारिएको छ । उनीहरु सबै जनज्योति माध्यमिक विद्यालयमा बसि रहेका छन् । जोगबुडा किनारमा थापाको डेढ बिगाहा जमिन छ । खेतमा लगाएको धानबाली सबै बाढीले क्षति पुगाएको छ । 'सबै खेती खत्तम बनाई दियो' उनले भने,'अहिलेसम्म अन्न भित्र्याउनै पाएको छैन, बाढीले यस्तो गरि दिन्छ ।' गत वर्ष बाढीले खेतका धानबाली बगाएर सखाप पारेको थापामगरले सुनाए ।

थापामगरले यस वर्ष धान र भटमास लगाएका छन् । बाढीले यस वर्ष पनि बालीमा क्षति पुगेको छ । बाढीले बर्सेनी क्षति पुगाउने भएपछि थापामगर को परिवारले हालसम्म बाली खान नपाएको बताए । 'यो खेतको बाली कहिल्यै खान पाएका छैनौं' उनले भने ।

रामपुरे टापु विपद् व्यवस्थापन समितिका अध्यक्ष ममता मगर बस्तीमा बाढी पसेपछि अन्य स्थानीयसंगै सुरक्षित स्थानमा आइन् । जनज्योति माध्यमिक विद्यालय आएपछि उनी जोगबुडा नदीको बाढी रोक्ने काममा लागिन् । वडा कार्यालय, सुरक्षाकर्मी र स्थानीयले कट्टा हालेर जोगबुडाको बाढी रोक्न प्रयास गरेका छन् । अध्यक्ष मगर सहित समितिका सदस्यहरु सबै नदी किनार मा बाढी रोक्न सक्रिय छन् । अध्यक्ष मगरले जोगबुडा नदीले वर्षौदेखि क्षति गर्दै आएको बताइन् ।

दोधारा चाँदनी नगरपालिका ७ का वडा अध्यक्ष ज्ञानेन्द्र बहेक क्षेत्रीले जोगबुडा नदीको नियन्त्रणमा राज्यको ध्यान पुग्नै नसकेको बताए । 'कुतियाकवर , पटराखल्ला र महाकाली नदीमा मात्रै राज्यको ध्यान छ, हाम्रो यहाँ त ध्यान नै छैन' उनले भने, 'बलियो तटबन्धन नभएसम्म समस्या आइरहन्छ ।'

समुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष टिका मगरले बाढी प्रभावित परिवारलाई प्राथमिक चरणमा अस्थायी आवासको व्यवस्था गरिएको बताए ।

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्

**भिमदत्त बहुप्राविधिक शिक्षालय**
**पाटन, बैतडी**

CTEVT 1989

**डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन एग्रीकल्चर(प्लान्ट साइन्स) र डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग पूर्ण शुल्कीय तर्फ रिक्त कोटामा निवेदन आह्वान सम्बन्धी सूचना**

**सुचना प्रकाशित मिति : २०८२ भदौ १७ गते**

उपरोक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरद्धारा प्रवेश परीक्षा सम्बन्धी प्रकाशित सुचना अनुसार डिप्लोमा इन एग्रीकल्चर(प्लान्ट साइन्स) र डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग पूर्ण शुल्कीय तर्फ **मिति २०८२/०४/२० गतेसम्म आवेदन दिएका** प्रशिक्षार्थीहरुको परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयको मिति २०८२/०४/२३ र मिति २०८२/०४/२५ गते न्एब को आधारमा नतिजा प्रकाशित सुचना बमोजिम कोटा अनुसार आवेदन नपरि केही कोटाहरु रिक्त रहन गएकाले भर्ना सम्बन्धी निर्देशिका २०८२ को दफ १९ बमोजिम तपशिल अनुसार का रिक्त कोटाहरुमा भर्नाको लागि यस शिक्षालयको कृषि कार्यक्रम, सिभिल कार्यक्रम, फर्मेसी कार्यक्रमको पास लिस्टको सूचीमा रहेका ईच्छुक उम्मेदवारबाट ०५(पाँच) दिनको म्याद राखी मिति २०८२/०५/२१ गतेसम्म शिक्षालयमा निवेदन पेश गर्न निवेदन आह्वान सम्बन्धी सुचना प्रकाशित प्रकाशित गरिएको व्यहोरा सम्बन्धीत सबैलाई यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रम | रिक्त कोटा | कोटा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डिप्लोमा इन एग्रीकल्चर (प्लान्ट साइन्स) | खुल्ला | २९ | |
| २ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | खुल्ला | ३० | |

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

## निर्माण व्यवसायी संघको अधिवेशन

# सात बुँदे प्रतिवद्धता सहित चुनावका लागि पुष्पराज अवस्थीको प्यानल घोषणा, निरञ्जनसँग भिड्ने

### एक पटक नेतृत्व सम्हालेका व्यक्तिले बारम्बार नेतृत्वमा आउन खोज्नु संस्था र व्यवसायीको हितमा हुँदैन : उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष रावल

### सबै निर्माण व्यवसायी समेटीने बनाउँछु, सदस्यता शुल्क घटाउँछु, व्यवसायीलाई चाहीने अहिलेको प्रविधि र ल्याबको व्यवस्था गर्छु : उम्मेदवार अवस्थी

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १६ भदौ**

निर्माण व्यवसायी संघ कञ्चनपुरको भदौ २१ गते हुने १५ औं निर्वाचनका लागि पुष्पराज अवस्थीले चुनावी प्यानल घोषणा गरेका छन् । होटल सिद्धार्थमा सोमबार पत्रकार सम्मेलन गरी अवस्थीले आफ्नो प्यानल घोषणा गरेका हुन् । चुनावी प्रचार तीव्र बनाएका अवस्थीले उम्मेदवार सहित सहभागी भएर प्यानल घोषणा गरेका छन् ।

अवस्थी यस अघि १४ औं निर्वाचनमा अध्यक्षमा प्रतिस्पर्धा गरेका थिए । संघका वर्तमान अध्यक्ष निरञ्जन प्रसाद भट्टसित उनको प्रतिस्पर्धा थियो । तीन वर्षपछि फेरि भट्टसित उनको प्रतिस्पर्धा हुने भएको छ । भट्टले यस अघि चुनावी प्यानल घोषणा गरि सकेका छन् । अवस्थी प्यालनबाट वरिष्ठ उपाध्यक्षमाअमर बहादुर बम उम्मेदवार छन् । संघको वर्तमान समितिका सह-कोषाध्यक्ष यज्ञराज बैज उपाध्यक्षका उम्मेदवार छन् । १४ औं अधिवेशनमा बैज अवस्थी प्यानलबाट सह-कोषाध्यक्ष निर्वाचित भएका हुन् । संघको महासचिवमा देबीदत्त भट्ट र सचिवमा गोरे सिह ऐर अवस्थी प्यानलबाट उम्मेदवार छन् । यसैगरी कोषाध्यक्षमा दिल बहादुर सिह र सह-कोषाध्यक्षमा चित्र बहादुर कार्की उम्मेदवार छन् । सह दोधारा चाँदनी र कार्की बेल्डाँडीका वासिन्दा हुन् । भदौ २० गते साधारण सभा सकिएपछि निर्वाचन सुरु हुनेछ । संघको



निर्वाचन समितिले निर्वाचन प्रक्रिया सुरु गरि सकेको छ । पत्रकार सम्मेलनमा अध्यक्षका उम्मेदवार अवस्थीले प्यानलको सात बुँदे प्रतिवद्धता सुनाए । उनले निर्माण व्यवसायी संघलाई व्यवसायीको हकहित सक्षम बनाउने लक्ष्य लिएर आफू चुनावी मैदानमा होमिएको बताए । अवस्थीले निर्माण व्यवसायी संघलाई समय सापेक्ष र सबै व्यवसायीको साझा संस्था बनाउन आफूले भूमिका निर्वाह गर्ने बताए ।

अवस्थी प्यानलले संघ बाहिर रहेका ३ सय ५० व्यवसायीलाई संघमा ल्याउने प्रतिवद्धता गरेका छ । निर्माण व्यवसायीको क्षमता वृद्धिका कार्यक्रमलाई पनि प्राथमिकता दिएर अघि बढ्ने अवस्थी प्यानलको प्रतिवद्धता छ ।'मेरो उम्मेदवारी सबै व्यवसायीका लागि हो । विशेषगरी साना व्यवसायीलाई कसरी उकास्न सकिन्छ भन्नेमा मेरो जोड रहनेछ,' अवस्थीले भने, 'हाल करिब तीन सय व्यवसायी संघ बाहिर छन्, उनीहरूलाई पनि संघले केही गर्छ भन्ने विश्वास दिलाएर आबद्ध गराउनेछु ।' प्रतिवद्धता पत्रमा निर्माण व्यवसायीको क्षमता वृद्धिका लागि लेखा प्रणाली, भ्याट, इबिडका लागि सीप मुलक र प्राविधिक तालिम सञ्चालन गर्ने उल्लेख छ । 'मेरो नेतृत्वमा समिति चयन भए निर्माण व्यवसायीको क्षमता अभिबृद्धि गर्दै संघलाई प्रविधीमैत्री बनाउने, निर्माण व्यवसायीका साझा समस्या, भुक्तानी समस्या समाधान गर्ने, नेतृत्व दोहोरिने प्रवृतिको अन्त्य गर्ने, निर्माण व्यवसायी संघलाई सबैको साझा संस्थाको रुपमा विकास गर्दै जिल्लामा निर्माण व्यवसायी संघलाई थप आत्मनिर्भर, स्वच्छ निष्पक्ष बनाउनेछु, 'उनले भने, 'संघमा भएका समस्या समाधान गर्दै जिल्लाको दीगो विकास लागि अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

'हाम्रो प्यानल विशुद्ध व्यवसायीहरुको प्यानल हो, हामी कुनै दलमा आबद्ध पनि छैनौं, 'उनले भने, 'हामी व्यवसायीका लागि सबै दल, समुह बराबरी हो, हामीले राज्यले दिएको काम समयमै गुणस्तरिय सम्पन्न गर्ने दायित्व हुन्छ ।' अवस्थी प्यानलबाट महासचिवका उम्मेदवार देवीदत्त भट्टले साना र संघ बाहिर रहेका आम निर्माण व्यवसायी लाई आबद्ध गराएर अघि बढने बताए । उनले यस अघिका समितिले सानादेखि नयाँ निर्माण व्यवसायीहरुलाई समावेस गर्न नसकेको बताउँदै अवस्थी नेतृत्वको समितिले समावेस गर्ने बताए ।

संघको कार्यालय व्यवस्थित र प्रविधियुक्त बनाउने र त्यसका लागि दक्ष जनशक्ति तथा प्रयोगशाला(ल्याब) स्थापना गर्ने अवस्थी प्यानलले प्रतिवद्धता गरेको छ । 'यहाँका निर्माण व्यवसायीहरूले ल्याब परीक्षणका लागि नेपालगञ्ज धाउनुपर्ने बाध्यता अन्त्य गर्न संघकै कार्यालयमा ल्याब स्थापना गर्ने योजना छ ।' अवस्थीले भने, 'धेरै व्यवसायीहरू धराशायी हुने अवस्थामा पुगेका छन्, उनीहरूलाई कसरी उकास्ने भन्नेमा ध्यान दिनेछु,' अवस्थीले थपे, 'सरकारले समयमै भुक्तानी नदिँदा र मूल्यवृद्धिले व्यवसायी मारमा परेका छन् । त्यसकारण समयमै भुक्तानी दिलाउन पहल गर्नेछु ।' उनले आफ्नो टीम युवा व्यवसायीहरूको रहेकोले सबैलाई समेटेर काम गर्ने प्रतिबद्धता जनाए । निर्माण व्यवसायीका समस्या भुक्तानी (साइड, क्लियरेन्स ) लगायतका समस्या समाधानका लागि सरोकारवाला निकायसित सहकार्य गर्ने, निर्माण व्यवसायीबीच सहकार्य र आपशी सम्बन्ध सौहार्द बनाउन छलफल गर्ने, विभिन्न पर्वहरु मनाउने, नो रिपिटको संस्कार अपनाउने, पुनः पदमा दोहोरिने प्रवृत्ति अन्त्य गर्ने र निर्माण व्यवसायी संघलाई साझा संस्थाका रुपमा विकास गरी व्यवसायिक र क्रियाशिल व्यवसायीको संस्था बनाउने प्रतिवद्धता गरिएको छ ।

प्यानल घोषणा कार्यक्रमका प्रमुख अतिथि उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष सुरेश रावलले संघ-संस्थामा युवा र नयाँ व्यक्तिलाई मौका दिनुपर्नेमा जोड दिए । 'एक पटक नेतृत्व सम्हालेका व्यक्तिले बारम्बार नेतृत्वमा आउन खोज्नु संस्था र व्यवसायीको हितमा हुँदैन,' उनले भने, 'बारम्बार एउटै व्यक्ति नेतृत्वमा आउँदा संस्थालाई भन्दा पनि त्यस व्यक्तिलाई मात्रै फाइदा पुग्छ ।'

उनले उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघ दुवैमा एउटै व्यक्तिको दोहोरिने परम्परा रहेको तर त्यसले संस्थाका लागि खासै काम नगरेको टिप्पणी गरे ।

कञ्चनपुर उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष सुरेश रावल, नेपाल पत्रकार महासंघ कञ्चनपुरका अध्यक्ष सुरेश धामी लगायतका पत्रकार सम्मेलनमा सहभागी भएका थिए ।


आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

**डा. भावेश**
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in
Echocardiology Fellowship in
Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
**प्रत्येक दिन**

**डा. कुलदिप**
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
**प्रत्येक दिन**




आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
**डा. रेनुका यादव**
MBBS, MD (Paediatric)
- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज

आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु **कैशलेस (निःशुल्क) उपचार** व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585 24 घण्टे आपातकालीन सुविधा
website: www.anandhospital.org, Email: info@anandhospital.org, chhabra1967@gmail.com

**डा. अभिनव कुमार कटियार**
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, ररौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
**प्रत्येक मंगलबार**

**डा. योगेश नागेंदर**
MBBS, MD,DM
(Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

**डा. गणेश बी. एल.**
M.Ch (Neurosurgery)DELHI
AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**

**सुविधाहरू:** I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।

**आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र** Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।

**लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।**

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**

**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

